
# अनुभवहरू

• वर्ष ३ • अंक १



CONSORTIUM OF ORGANIZATIONS WORKING FOR CHILD CLUBS

कन्सोर्टियमद्वारा
सदस्य संस्थाहरूको निम्ति स्वीकार गरिएको

# आचार संहिता


नेपालका बालक्लबहरूसँग कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम) का सदस्यहरूले सामूहिक तथा व्यक्तिगत रूपमाः

- आफ्ना सबै कृयाकलाप तथा निर्णयमा बालबालिकाको सर्वोत्तम हितलाई पूर्ण विचार पुऱ्याएको छ भन्ने कुरा एकीन गर्नेछन् ।
- बालबालिकाका विचारहरूको सम्मान गर्नेछन् र तिनलाई अभिव्यक्त गर्ने स्थान तथा अवसर दिनेछन् ।
- आ-आफ्ना संघसंस्थाका कृयाकलापहरूबारे आवश्यक सबै सूचना बालबालिकालाई प्राप्त भएको एकीन गर्नेछन् ।
- सांगठनिक वा व्यक्तिगत लाभ वा आत्मप्रशंसा वा आत्मोन्नतिका खातिर कुनै पनि तवरले बालबालिकाको जीवनलाई प्रभाव हुने गरी दुरूपयोग गर्ने छैनन् ।
- बालअधिकारसम्बन्धी लक्ष्य परिपूर्तिका लागि उपलब्ध श्रोतहरूको अधिकतम परिचालन गर्नेछन् ।
- बालअधिकार महासन्धिका सिद्धान्त तथा प्रावधानहरूमा अन्तर्निहित स्तरहरूलाई व्यवहारमा उतार्न प्रयत्नरत रहनेछन् ।
- बालअधिकार महासन्धिका लक्ष्य प्राप्तिका लागि काम गर्ने संस्था तथा व्यक्तिहरूसँग समन्वय गरी काम गर्नेछन् ।

CONSORTIUM OF ORGANIZATIONS WORKING FOR CHILD CLUBS

# अनुभवहरू

■ वर्ष ३ ■ अंक १ ■ पूर्णाङ्क ३




## विषय सूची

❑ **समाहित बालक्लब: समान अवसरको एक उदाहरण**
*- नूपुर भट्टाचार्य* १

❑ **बालक्लबका कार्यका सम्बन्धमा बालबालिकाका अनुभवहरू** ५-११
*सुमन पालिखेल- ५/विन्देश्वरी कुमारी महरा- ७/*
*Chanakya Adhikari-९/प्रेम बहादुर बाकबल र सुमा मोक्तान- ९/*
*मधुमाया अर्याल- १०/रोशन आचार्य- १०/मैया राई- ११*

❑ **Plan Japan's Child Participation Program**
*-Fumino K Narasaki* १२

❑ **बालक्लब र सुशासन**
*-प्रल्हाद ढकाल* १५

❑ **Children can do Everything**
*-Lotte Ladegaard* १८

❑ **बालअधिकारको अवधारणामा बालसहभागिता र बालक्लबहरु**
*-चन्द्रिका खतिवडा* १९

❑ **दक्षिण तथा केन्द्रीय एशिया क्षेत्रमा बालसहभागिता प्रबर्द्धन गर्न बालबचाउ संस्थाहरू र यिनका साझेदार संस्थाहरूका उपलब्धि एवं चुनौतीहरू**
*- रञ्जन पौडेल* २६

❑ **सहजकर्ताका अनुभवहरू** ३१-३८
*शिवराम के.सी.- ३१/किरण थापा- ३२/बिनिता श्रेष्ठ- ३३/*
*कृष्ण वली- ३४/राजन तामाङ- ३४/मालती चौधरी- ३६/*
*अमितकुमार थापा मगर- ३६/विन्दकुमार मण्डल- ३७/*
*राधिका लामिछाने- ३८/भुवन खत्री- ३८*

**बाल भित्तेपत्रिकाको प्रकाशनमा बालक्लबको सहभागिता**
*-लोकेन्द्र शाक्य* ३९

**बालक्लबले ध्यान दिनुपर्ने केही सवालहरू**
*-रघु दाहाल* ४०

❑ **Children's Groups and Networks in Afghanistan: Creating a Strong Voice**
*-Claire O'kane* ४२

❑ **सशस्त्र संघर्ष र बालबालिकाको संरक्षण**
*-भोलाप्रसाद दाहाल* ४६

❑ **बालश्रम विरुद्ध बालबालिकाको विश्व भेलामा नेपाली बालबालिका**
*-कुमार भट्टराई* ५०

❑ **Life Skills: Skills to Become Happy**
*-Biplabi Shrestha* ५३

❑ **वि.सं. २०६० मा कन्सोर्टियमका मुख्य कार्यक्रमहरू:** ५५

सम्पादक
श्री चन्द्रिका खतिवडा

सह-सम्पादक
श्री राजीव लोचन अधिकारी
श्री सुशिला अधिकारी

नेपाली सुद्धासुद्धी
श्री गुणराज भण्डारी

फोटो
कन्सोर्टियम, सदस्य संस्थाहरु र
श्री पुष्प के.सी./श्री सागर श्रेष्ठ

साजसज्जा :
चन्द्र खाकी
मोशन ग्राफिक्स, पुतलीसडक
फोन : ४२३०१४७

मुद्रण :
सनराइज अफसेट प्रेस, डिल्लीबजार

प्रकाशक :
नेपालका बालक्लबहरुसँग कार्यरत
संस्थाहरुको साझा समूह, (कन्सोर्टियम)
पो.ब.नं. ६८२, काठमाण्डौ
फोन : ५५४२२०४
इमेल :
consortium@mos.com.np
वेवसाइट :
www.childclubconsortium.org.np

# सञ्चालक समितिको तर्फबाट...

**बालक्लबहरुसँग कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम)** को अर्धवार्षिक प्रकाशन "अनुभव
को यो तेश्रो अङ्क यहाँहरुको हातमा छ। यसपालि पनि हामीले बालक्लवहरुसँग कार्यरत संघसंस्थाह
कार्यरत रहनुभएको महानुभावहरुको लेखरचना समावेश गरेका छौं। यसले बालक्लबहरुसँग
गर्दाका बालबालिका र वयस्कहरूका प्रत्यक्ष अनुभवहरूको साथसाथै बालसहभागिताका "अनुभव
को विभिन्न पक्षहरूसँग सम्बन्धित विचारहरूलाई यस अङ्कले समेटेको छ।

**कन्सोर्टियम**ले बालबालिकाको सहभागिताको मूलअधिकारलाई विगत आधा दशक देखि वक
तथा प्रवर्द्धन गर्दै आईरहेको छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरू गरी १० वटा संस्
सदस्यहरु लगायत हालसम्म ३९ वटा संघसंस्थाहरु कन्सोर्टियममा आवद्ध भैसकेका छन्। **कन्सोर्टिय**
मूल उद्देश्य भनेको सदस्यसंस्थाहरु बीच आ-आफ्ना अनुभवहरू आदान-प्रदान गरी बालसहभा
क्षेत्रमा यी संस्थाहरूको कामलाई अझै सशक्त ढंगबाट अगाडि बढाउनु रहेको छ। यसका साथ
कन्सोर्टियममा आवद्ध नभएका बालबालिकाका क्षेत्रमा कार्यरत संस्थाहरूसँग पनि सञ्जाल बढाउन
हाम्रो प्रयास जारी छ।

नेपालको सन्दर्भमा बालसहभागिताको मुद्दा अब नयाँ रहेन। संयुक्त राष्ट्रस
बालअधिकारसम्बन्धी महासन्धि १९८९ मा उल्लेखित बालअधिकार र सहभागितासम्बन्धी प्रावधानह
लागू गर्न कन्सोर्टियमले केही हदमा योगदान दिइरहेको छ। यद्यपि नेपालको बालबालिकासम्बन्धी
२०४८ र यसको नियमावली २०५१ अन्तर्गतका थुप्रै प्रावधानहरुलाई व्यवाहारमा ल्याउन सकि
छैन। यसमा सरकार लगायत सबैको लक्षित कार्य आवश्यक पर्दछ। यस प्रक्रियामा योगदान पु
गरी कन्सोर्टियमले बालबालिकासँग प्रत्यक्ष काम गर्ने जनशक्ति तयार गर्न बालक्लब सहजीकरण त
दिदैं आएको छ। यसरी बालसहभागिता प्रवर्द्धन गर्ने अथक प्रयत्नमा कन्सोर्टियमले योगदान पुऱ्या
कुरामा हामी विश्वस्त छौं। त्यस्तै बालक्लबहरूमा आवद्ध नेतृत्व तहमा रहेका बालबालिकाला
बालक्लबहरू र बालबालिकासँग काम गर्न सहयोग पुऱ्याउने गरी सहजीकरण तालीम दिंदै आइ
छ। हामीलाई आशा छ यस अङ्कमा समेटिएका अनुभवहरुले बालसहभागीताको प्रवर्द्धन गर्नमा
अभियानलाई अझ बढी टेवा पुऱ्याउने छ।

अन्तमा सम्पुर्ण पाठकहरुमा यस "अनुभवहरू"बारे आ–आफ्ना जिज्ञासा, थप अनुभवह
प्रतिकृया हामीलाई पठाई सहयोग गरिदिनुहुन आग्रह गर्दछौं। "अनुभवहरु" को यस अङ्कमा आ–
लेखरचना पठाई सहयोग पुऱ्याउनेहुने सम्पूर्ण व्यक्तित्वहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छौं
"अनुभवहरु" लाई मूर्तरुप दिन सम्पादन कार्य गर्नुहुने श्री चन्द्रिका खतिवडालाई विशेष धन्यवा
चाहन्छौं। साथै यस प्रकाशनको लागि सहयोग गर्नुहुने कन्सोर्टियमका सम्पूर्ण सदस्य संस्थाहर
सचिवालयका कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

**विजय सैंजू**
संचालक समिति सदस्य
कन्सोर्टियम, नेपाल



## समाहित बालक्लब:

# समान अवसरको एक उदाहरण

◆ नूपुर भट्टाचार्य

सृजना बालक्लब, भक्तपुरको निवर्तमान सचिव र हाल सल्लाहकार मञ्चका सदस्य सुमन पलिखेल भन्दछन्- "मैले जे जति सिकें अर्थात मेरो बोल्ने क्षमताको विकास, मेरो नेतृत्व सीपको विकास, आफ्नो र अरू अपाङ्गता भएका साथीहरूको समस्यालाई सरोकारवालाहरू समक्ष उठाई आफ्नो अधिकारको माग गर्ने मेरो सीप र क्षमता, इत्यादि जे जति सिकें त्यसको श्रेय म मेरो बालक्लबलाई दिन्छु । बालक्लबमा आएदेखि मैले अरूबाट धेरै सिकें र अरूलाई पनि आफूले जानेको कुरा सिकाएँ ।" सुमन भक्तपुरको जेसीस इङ्गलिस स्कूलमा १० कक्षाका विद्यार्थी हुन् । *(यसै अंकमा सुमनको लेख र तस्बिर पनि हेर्न सक्नुहुनेछ ।)* मस्तिष्क पक्षघातको असरले गर्दा सुमन हिँड्न सक्दैनन् र उनी आफ्नो विशेष तीन पाङ्ग्रे गुड्ने कुर्सीलाई आफैं गुडाएर सबै ठाउँमा आवत-जावत गर्छन् । सृजना बालक्लब जस्तै भक्तपुर, पाटन, पाल्पा, तनहुँका थुप्रै बालक्लबहरूमा केही वर्षयता एउटा परिवर्तनको लहर आएको छ, त्यहाँ अपाङ्गता भएका बालबालिकाले पनि अपाङ्गता नभएका बालबालिका सरह बालक्लबको सदस्य बन्ने मौका पाएका छन् । आफ्नो सुप्त क्षमता एवं सम्भावनाहरू र प्रतिभाहरूको विकास गर्न पाएका छन्, आफ्ना अधिकारको लागि आवाज उठाउन समर्थ भएर शहरमा, गाउँटोलमा बालअधिकार प्रबर्द्धन गर्ने काममा जुट्ने शक्ति र समान अवसर पाएका छन् ।

समाजमा प्रत्येक मानिस आफ्नो लागि मात्र हैन अरूको लागि पनि बाँच्नुपर्छ । समाजको विकासमा, देशको सेवामा केही न केही योगदान दिनसक्नु पर्दछ । यही निष्ठाले नेपालका समाहित बालक्लबका अरू सबै सदस्यहरूसँग मिलेर अपाङ्गता भएका बालबालिकाले पनि बालअधिकारको पक्षमा सकारात्मक सामाजिक पविर्तन ल्याउने अभियानमा जुटेका छन् । यस्ता बालक्लबहरूले अपाङ्गता भएका साथीसँगीहरूको वास्तविक क्षमताको पहिचान सम्पूर्ण समाजलाई गराउने एउटा अवसरको ढोका उघारिदिएको छ । त्यो समाज समक्ष जसले अपाङ्गता भएकालाई 'केही गर्न नसक्ने' र 'समाजको बोझ' को संज्ञा दिने गर्छन् ।

समाहित बालक्लबले बिना कुनै भेदभाव समाजका प्रत्येक बालबीलकालाई बालक्लबको सदस्यता दिन्छ, समान सम्मान र समान अवसर दिन्छ । जातपात, अपाङ्गता, लिङ्ग, भाषा, धर्म इत्यादिको आधारमा गरिने सामाजिक भेदभावको चलनलाई समाहित बालक्लबले चुनौति दिन्छ । हरेक आपाङ्गता भएका बालबालिका, हरेक जातका बालबालिका, हरेक धर्म मान्ने र भाषा बोल्ने बालबालिका, हरेक जनजातिका बालबालिका, सबैले समान सम्मानका र अधिकारका साथ समाहित बालक्लबको सदस्यता लिन पाउँछन् । उनीहरू क्लबको प्रत्येक क्रियाकलापमा बराबरी सहभागी हुन पाउँछन् । कोहीभन्दा कोही कम हुँदैनन् ।

बालबालिकाको सहभागिताको अधिकारबारे बालअधिकार महासन्धिले के भन्छ, त्यसबारे एकछिन कुरा गरौं । बालअधिकारसम्बन्धी महासन्धिको धारा

### समाहित बालक्लब भनेको के हो ?

समाहित बालक्लबले सामाजिक भेदभाव र अवहेलनाले गर्दा बालक्लबमा सरिक हुन नपाएका बञ्चित बालबालिका जस्तै : अपाङ्गता भएका बालबालिका, पिछडिएका अल्पसंख्यक जनजातिका बालबालिका, जातपातको भेदभावले अवहेलित बालबालिका, धर्म वा भाषाको आधारमा छुट्टाइएका बालबालिका आदिले पनि समान सम्मान र अधिकारका साथ बालक्लबको सदस्यता पाउँछन् र क्लबको प्रत्येक निर्णय प्रक्रिया र क्रियाकलापमा बराबरी सहभागी हुन पाउँछन् । यस्तो समाहित बालक्लबमा सहभागी हुँदा बालबालिकाको प्रतिभा र सीपहरूको विकास छिटो र छरितो रूपले हुन्छ ।

यो लेखले बालक्लबमा आउन छुटेका यी सबै समूहमध्ये केवल अपाङ्गता भएका बालबालिकाको सन्दर्भ उठाएको छ ।

१२, १३ र १४ ले बालबालिकाको सहभागिताको अधिकारको कुरा गर्छ :

बालबालिकालाई असर पार्ने कुनै पनि कुराको सम्बन्धमा आफ्नो विचार प्रकट गर्न पाउनु र त्यस विचारको उचित मान्यता पाउनु बालबालिकाको अधिकार हो (धारा १२) । अर्काको अधिकार हनन् नहुने गरी जानकारी प्राप्त गर्ने वा दिने र आफ्नो विचार व्यक्त गर्ने, बालबालिकाको अधिकार हुन्छ (धारा १३) । बालबालिकालाई विचार विवेक र धार्मिक स्वतन्त्रताको अधिकार हुन्छ (धारा १४)


धारा १२, १३ र १४ को साथै धारा १५ मा भनिएको 'संगठनसम्बन्धी स्वतन्त्रता' को प्रावधानले शान्तिपूर्ण रूपमा संघसंस्था वा समूह गठन गर्न पाउने अधिकारले बालबालिकालाई समाजमा सक्रिय सदस्यको रूपमा सहभागी हुने मौका दिन्छ ।

मानवअधिकार दस्तावेजहरूले पनि यी अधिकारहरूलाई 'प्रत्येक मानिस' को लागि लागू गरिनुपर्दछ भनेको छ । "मावनअधिकारको विश्वव्यापी घोषणा पत्र' को धारा २० ले भन्छ "प्रत्येक मानिसको शान्तिपूर्ण रूपमा भेला हुन र समूह गठन गर्ने स्वतन्त्रअधिकार छ ।"

बालअधिकारसम्बन्धी महासन्धि संयुक्त राष्ट्रसंघीय समितिले राज्यपक्षलाई दिएको निर्देशनमा भनिएको छ कि "राज्यपक्षले बालबालिकाको सहभागिताको अधिकार, संघसंस्था खोल्न पाउने अधिकार सुनिश्चित गर्नका लागि नीति र कानूनमा सुधार ल्याउनेतिर पनि ध्यान दिनुपर्छ ।" समितिले भनेको छ कि "बालअधिकार प्रवर्द्धन गर्न, विशेष गरी समुदायमा, बालअधिकारबारे जनचेतना जगाउन र अधिकार साकार पार्ने अभियानमा बालबालिकाको आफ्नै सहभागिता धेरै महत्वपूर्ण हुन्छ ।"

समितिले बालसहभागिताको अधिकारहरूका बारेमा अझ स्पष्ट पार्दै भनेको छ- "बालबालिकाको सहभागिताको अधिकारलाई परिवारमा, विद्यालयमा, समाजमा प्रवर्द्धन गर्न र साथै उनीहरुलाई वाक स्वतन्त्रता, विचार व्यक्त गर्ने स्वतन्त्रता, समूह गठन गर्ने स्वतन्त्रताजस्ता आधारभूत स्वतन्त्रता उपभोग गर्ने वातावरणको प्रबर्द्धन गर्न धेरै प्रयास गर्नुपर्दछ ।"

अपाङ्गता भएका बालबालिका पनि अरू सबै बालबालि सरह अधिकारका धारक हुन् । उनीहरूलाई पनि अरू सरह स अधिकारहरू उपभोग गर्ने हक छ । बालअधिकारसम्बन महासन्धिले सबै बालबालिका र विशेष गरी कठिन परिस्थिति रहेका, समाजमा अवहेलित र बञ्चित समूहको रूपमा रहे बालबालिकाको लागि यी सबै अधिकार सुनिश्चित ग महासन्धिको धारा २ को 'भेदभावविहिनता' को अधिकारल महासिन्धको एउटा आधारभूत सिद्धान्तको रूपमा स्वीकार गरे छ । यस सिद्धान्तले जसले प्रत्येक बालबालिका महासन्धि



सबै प्रावधानको बराबरी हकदार हुन् भनी स्पष्ट पारेको फेरि संयुक्त राष्ट्रसंघबाट सन् १९९३ मा पारित "अपाङ्ग भएकाहरूका लागि अवसर समानीकरणको प्रमाणिक नियम" अपाङ्गता भएका व्यक्तिहरूको सहभागिताको समान अधिक विशेषतः आफ्नो जीवनसँग सम्बन्धित प्रत्येक मामलामा नि लिइदा आफ्नो विचार राख्न पाउने, विचारको मान्यता पा अधिकारको मुद्दालाई प्रमुख अधिकारको रूपमा प्रस्तुत गरेको छ

बालसहभागिताका अधिकारलाई प्रवर्द्धन गर्ने उद्दे लिएर, बालबालिकाको जीवन र विकासलाई नकारात्मक अ पार्ने सामाजिक कुरीति, हानिकारक सोच, र व्यवहारमा परिव ल्याउने अठोट लिएर नेपालमा बालक्लबको विकास भएको ह बालबालिका कतै स्वतः स्फूर्त रूपमा त कतै वयस्कको सहयोग गाउँ गाउँमा, समुदाय र विद्यालयमा सामुदायिक विकास बालअधिकारको मुद्दा लिएर संगठित भइरहेका छन् । यो अभिय ९० को दशकमा धेरै प्रसारित भयो । तर, केही अल्पसंख

जातिका बालबालिका, अपाङ्गता भएका बालबालिका उल्लेख्य संख्यामा यी बालक्लबहरूमा आउने मौका पाएनन् ।

कतै कतै विशेष समूहका रुपमा रहेका बालबालिकाले छुट्टै बालक्लब/समूह गठन गर्न थाले । जस्तै घरेलु कामदार बालबालिकाको क्लब । तर सहभागिताको दृष्टिकोणबाट प्रत्येक कठिन परिस्थितिमा भएका बालबालिकाको छुट्टा छुट्टै क्लब/समूहभन्दा समाहित बालक्लबको अवधारणा सशक्त हुन्छ किनभने समाहित बालक्लबले भेदभावको मुद्दालाई पनि उठाएको हुन्छ र भेदभावविहिनताको सिद्धान्तलाई पालना गरेको हुन्छ । सुविधाप्राप्त र सुविधाविहीन बालबालिकाले हातेमालो गर्दै अधिकार हननको मुद्दालाई अघि सार्दै परिवर्तन ल्याउने गरेको प्रयास पक्कै पनि बढी सशक्त हुन्छ ।

नेपालमा बालबालिकाको संख्या कूलजनसंख्याको करीब ५१ प्रतिशत छ । यीमध्ये करीब १० प्रतिशत बालबालिका विभिन्न किसिमका अपाङ्गता भएकाहरू छन् । यिनीहरू धेरै भेदभावका शिकार छन् । अधिकार हनन् हुने जोखिममा पनि यिनीहरू नै सबभन्दा बढी परेका छन् । अपाङ्गता भएकामध्ये करीब ७९ प्रतिशत बालबालिका शिक्षाको अवसरबाट बञ्चित छन् । ८० प्रतिशतले समाजमा सम्मानजनक जीवन जीउन पाएका छैनन् र परिवारमा समाजमा सहभागी हुन पाएका छैनन् भनिन्छ । सामाजिक कुरीति, अज्ञानता र अन्धविश्वासको कारणले अपाङ्गता भएका बालबालिका अवहेलित छन्, उपेक्षित छन्, उत्पीडित छन्, समाजले उनीहरूलाई 'दया' को दृष्टिले मात्र हेर्ने गर्दछ ।

यो सामाजिक एवं अवस्था, नकारात्मक सोचमा परिवर्तन ल्याउन सामाजिक चेतना जगाउन जरूरी छ । अज्ञानता, अन्धविश्वास हटाएर अपाङ्गताबारे उचित जानकारी र अपाङ्गता भएका बालबालिकाको क्षमताको बारेमा, अधिकारको बारेमा उचित समझदारी र ज्ञान हरेक परिवार, समुदाय र समाजमा विस्तार गर्न जरूरी छ ।

समान र केही विशेष अवसर पाए अपाङ्गता भएका बालबालिका अरू बालबालिका सरह नै आ-आफ्ना अन्तरनिहित क्षमताको विकास गर्न सक्षम हुन्छन् भन्ने तथ्य वास्तविकताले प्रमाणित गरिसकेको छ । यी अवसरहरू सृजना गरिदिने दायित्व परिवार, समुदायदेखि राष्ट्रियस्तरसम्म सबै सरोकारवालाहरूको हो । प्रत्येक वयस्कको हो, प्रत्येक सवलाङ्ग बालबालिकाको हो । त्यसैगरी अवसर पाउने अधिकारको माग गर्ने दायित्व प्रत्येक अपाङ्गता भएका बालबालिकाको हो र उनको अधिकारको माग गर्ने दायित्व तिनका प्रत्येक सवलाङ्ग साथीसङ्गीहरूको पनि हो । समाहित बालक्लबले अपाङ्गता भएका सदस्यहरूको लागि यस्तै समान अवसरको सृजना गरी दिने एउटा नमूना-थलो बनेको छ र भेदभावविहीनताको एक उदाहरण प्रस्तुत गरेको छ ।

नमूना समाहित बालक्लबका सवलाङ्ग र अपाङ्गता भएका सदस्यहरू एकअर्काको सीप अनि क्षमता विकासमा मद्दत गर्दछन्, एकअर्काबाट सिक्दछन्, आ-आफ्ना प्रतिभाको विकास गर्न हातेमालो गर्छन् र सँगसँगै बालअधिकारका मुद्दाहरू उठाउँदै एउटा भेदभावविहीन न्यायपूर्ण समाजको निर्माणमा प्रयासरत हुन्छन् ।

**बालक्लबहरूले समुदायको सबै अपाङ्गता भएका बालबालिकालाई समाहित गर्ने प्रक्रियामा विशेष ध्यान दिनुपर्ने कुराहरू :**

- प्रत्येक बालक्लबले समुदायको केही समूहका बालबालिका क्लबमा समावेश नहुनको मूल कारण पत्ता लगाउनु पर्दछ र त्यो कारण निराकरण गर्नेतर्फ अठोट लिई लाग्नु पर्दछ । छुटेकाहरूलाई क्लबमा समावेश गर्नु यसको उद्देश्य रहेको हुन्छ,
- सदस्यता दिएर मात्र पुग्दैन, बालक्लबको सबै क्रियाकलापमा सहभागिता होस् भनी यकीन पनि गर्नुपर्दछ । जस्तै :- अपाङ्गता भएका सदस्यहरू कसरी सबै क्रियाकलापमा सहभागी हुन सक्छन् त्यसको छलफल हुनुपर्दछ र त्यसको लागि उपयुक्त उपाय यकीन गर्नुपर्दछ,
- समाहित गरिएका बञ्चित वर्गका बालबालिकाका समस्या र मुद्दाबारे राम्ररी जानकारी लिनुपर्ने हुन्छ । जस्तैः- अपाङ्गता भएका साथीहरूको समस्या र अधिकारको मुद्दाबारे सबै सदस्यले बुझ्न जरूरी हुन्छ । यसो गरेमा मात्र उनको अधिकारको माग गर्न सकिन्छ,
- बालक्लबलाई भेदभावरहित बनाउन बालक्लबले आफैं अघि सरेर बालक्लबमा नआएका अपाङ्गता भएका साथीहरूलाई प्रोत्साहित गरी उचित सम्मानसाथ समाहित गर्नुपर्छ,
- अपाङ्गता भएका साथीहरूको क्षमताको कदर गर्नुपर्दछ । साथै उनको गर्न नसक्ने केही कमजोरीबारे पनि बुझिदिनुपर्दछ । कमजोरीलाई कहिल्यै पनि चर्चामा ल्याउनु

हुँदैन। बरू कमजोरीलाई घटाउन प्रयास गर्नुपर्दछ। उनीहरूको सक्षमतालाई बढी उजागर गर्नुपर्दछ,

- अपाङ्गता भएका साथीहरूले गर्न सक्ने क्रियाकलापहरू पनि बालक्लबको क्रियाकलापको सूचिमा समावेश गर्नुपर्दछ। किनभने सबै क्रियाकलाप उनको लगि सहज नहुन पनि सक्छ। तर सक्रिय सहभागी हुन गाह्रो भए पनि केही न केही रूपले सहभागी गराउने उपाय पनि सोच्न अत्यन्त जरूरी छ,

- अपाङ्गता भएका साथीहरूलाई कसरी कुनबेला र कस्तो सहयोग दिनेबारे बुझाई स्पष्ट हुन पनि जरूरी छ। यसबारे क्लबका अपाङ्गता भएका साथीहरूसँगै खुल्ला छलफल गर्नु धेरै राम्रो हुन्छ, उनीहरूसँग सिक्नु उचित हुन्छ,

- जहिले पनि सवलाङ्ग र अपाङ्गता भएका साथीहरूले एकअर्कासँग मिलेर (पूरकको रूपमा) क्लबमा काम गर्नुपर्दछ। किनभने कोहीभन्दा कोही कम हुँदैनन्। कुनै क्षेत्रमा अपाङ्गता भएका बालबालिका सवलाङ्ग बालबालिकाभन्दा उत्कृष्ठ हुनसक्दछन् भन्ने कुरा सबैले बुझ्नुपर्दछ,

- अपाङ्गगता भएका सदस्यहरूको लागि बालक्लबले क्षमता विकासको कार्यक्रम पनि राख्नु पर्दछ। किनभने जो सुविधा र अवसर कम पाउँछन् उनको क्षमता र सीपको विकास कम भएको हुन सक्छ। अरूको दाँजोमा उनको पनि सीपको विकास बराबरीमा ल्याउन विशेष ध्यान दिनु जरूरी हुन्छ,

- सबै सदस्यले प्रत्येकको विचारको सम्मान गर्नुपर्छ। कसैले कुनै पनि आधारमा होच्याउनु हुँदैन। जहिले पनि एक अर्काबाट केही न केही सिक्न सकिन्छ भन्ने सोच प्रत्येक सदस्यमा हुनु जरूरी हुन्छ।

- अपाङ्गता भएका साथीहरूको विशेष समस्या उनको अधिकारको विशेष मुद्दालाई समहित बालक्लबले उठाइदिनु पर्दछ र आवश्यक परिवर्तनको माग गर्नुपर्दछ, जस्तैः दृष्टिविहीन, शारीरिक असक्षमता भएकाहरूको लागि जाँचमा थप समयको व्यवस्था, लेखिदिने मान्छेको व्यवस्थाको माग,

- बालअपाङ्गताबारे क्लबका सबै सदस्यहरूलाई उचित ज्ञान र समझदारी बढाउन उनीहरूलाई जानकारी र तालीम दिन जरूरी हुन्छ। यसले गर्दा अपाङ्गता भएका साथीहरूको अधिकारबारे सामाजिक चेतना ल्याउने बालक्लबको प्रभावकारी हुन्छ।

त्यसैले प्रत्येक समुदायका बालक्लबले समा अवहेलित, अधिकारबाट बञ्चित बालबालिकालाई सदस्य समाहित गर्ने प्रक्रियामा जुट्न जरूरी छ। कुनै भेदभावबिनाको वातावरणमा सबै जातजाति, धर्म, भा बालबालिका र अपाङ्गता भएका बालबालिका सबै बालक्लब/समूह बनाई बालअधिकार अभियानमा जुट्न छ। प्रजातान्त्रिक अभ्यासमा आ-आफ्ना नागरिक अधिकार स पार्ने प्रयासमा लाग्न जरूरी छ। अनि मात्र बालअधिका सम्मान गर्ने न्यायिक समाजको कल्पना साकार हुन्छ।

समाजमा हरेक व्यक्तिको आफ्नो आफ्नो विशेष क्ष रहेको हुन्छ। अपाङ्गता भएका बालबालिकाको पनि फरक



विशेष क्षमता रहेको हुन्छ। जुन क्षमता मौकाको अभ फस्टाउन पाएको हुँदैन। समाहित बालक्लबका सवलाङ्ग सव आफ्ना अपाङ्गता भएका साथीहरूको यही फरक क्षमताको लगाउन उत्प्रेरित हुनपर्छ र त्यो क्षमताको पहिचान गरी फस् मौका दिनुपर्दछ। अनि मात्र समाहित बालक्लबको अवध सार्थक हुनेछ। भविष्यको भेदभावविहीन समानता र स अधिकारलाई सम्मान गर्ने न्यायी समाजको निर्माणमा सम बालक्लबको यो पहल धेरै महत्वपूर्ण साबित हुनेछ। विशे अपाङ्गता भएका बालबालिकाको जीवनमा गुणात्मक परि ल्याउनका लागि उनको अरू सरह बराबरी अधिकार सुनि गर्नका लागि।

*श्रीमती भट्टाचार्य सेभ द चिल्ड्रेन, नर्वेमा कार्यरत हुनु*

# बालक्लबका कार्यका सम्बन्धमा बालबालिकाका अनुभवहरू



## फरक क्षमता भएका बालबालिका र श्रृजना बालसमूह

◆ सुमन पालिखेल

श्रृजना बालक्लब, भक्तपुर

नेपाल जस्तो विकासोन्मुख देशमा बालबालिकाको अवस्था जहिले पनि नाजुक हुने गर्दछ। यहाँ गरिबी र अशिक्षा व्याप्त भएकाले बालबालिकाको चाहना एवं आवश्यकतालाई कसैले बुझिदिँदैनन्। यही कुरालाई हृदयङ्गम गरी बालबालिकाको हकको लागि बालबालिका स्वयंद्वारा सञ्चालन हुने बालसमूहको आवश्यकतालाई हामीले महसूस गऱ्यौं। विशेष क्षमता भएका (अपाङ्गतामा रहेका) र अन्य बालबालिकाको बीच कुनै किसिमको भेदभाव नहोस् भन्ने मान्यता अनुरुप सन् २००२ को फेब्रुअरीमा समुदायमा आधारित पुनर्स्थापना केन्द्र (सि.बि.आर.ओ.), भक्तपुरको सहयोगमा श्रृजना बालसमूहको गठन भयो। स्थापना कालदेखि नै यो क्लब इन्द्रायणी पीठ, खौमा- १५, भक्तपुरस्थित भवन-बाट सञ्चालन हुँदै आइरहेको छ। स्थापनाकालमा यस बालसमूहका अध्यक्ष ऐलिजा लामा थिइन्। यो बालसमूहमा पहिले ६ जना फरक क्षमता भएका र २६ जना सवलाङ्ग गरी जम्मा ३२ जना बालबालिका रहेका थिए। हाल यस बालसमूहमा ४८ जना सदस्य रहेका छन्। जसमा ११ जना फरक क्षमता भएका सदस्यहरु छन्। ती मध्ये ४ जना त कार्यसमितिको सदस्य रहेका छन्।

श्रृजना बालसमूहको मूल उद्देश्य **"समान सहभागिताः विकासको मूल आधार"** भन्ने राखेका छौं। स्थापनाकालदेखि नै हामीले हाम्रो उद्देश्य प्राप्तिको लागि विभिन्न गतिविधिहरु सञ्चालन गरिआएका छौं। अहिलेसम्मको हाम्रो गतिविधिलाई नियालेर हेर्ने हो भने हामी केही हदसम्म बालक्लबको उद्देश्य हासिल गर्न सफल भएका छौं। समान सहभागिता र अवसरको नारा जहाँ पनि, जसले पनि बोल्ने गर्दछन्। तर व्यवहारमा भने सबैतिर त्यसको ठीक विपरीत कार्यहरु भइरहेका छन्। श्रृजना बालसमूह त्यस्ता प्रवृत्तिको लागि उदाहरण बनेको छ, जो समानताको कुरा त गर्छ तर व्यवहारमा त्यसलाई लागू गर्दैन। हामी त्यस्ता प्रवृत्तिलाई के भन्न चाहन्छौं भने आज विश्व समुदाय एकाइसौं शताब्दीमा पाइला टेकिरहेको परिप्रेक्ष्यमा पश्चिमा मुलुकहरुले समान सहभागिता र अवसरको नारालाई सार्थक पार्दै समयभन्दा निकै अघि पुगिसकेका छन्। तर हामीमा व्यवहारिकताको कमीले गर्दा हामी दिनानुदिन ओरालोतिर झर्दैछौं। त्यसैले हाम्रो देशलाई पनि माथि उकास्ने हो भने आजदेखि नै व्यवहारिक बन्न सिक्नुपर्दछ। फरक क्षमता भएका बालबालिकालाई अपाङ्ग भनी हेर्नु हुँदैन। उनीहरूलाई अपाङ्गको रूपमा नभई फरक क्षमताभएका व्यक्तिको रुपमा स्वीकारी उनीहरुलाई सम्मान गर्नुपर्दछ। यही मान्यतालाई स्वीकार गराउन श्रृजना बाल समूहले आह्वान गरिरहेको छ र त्यसलाई व्यवहारमा उतार्ने काम गरिरहेको छ।

यस समूहमा फरक क्षमता भएका बालबालिकाको सदस्यता बढाउनको लागि हामीले स्थापनाकालदेखि नै विभिन्न प्रयासहरु गरिसकेका छौं। हाम्रा यी प्रयासहरुमा सि.बि.आर.ओ. का दाइहरुका विशेष सहयोग गरिरहनु भएको छ। सि.बि.आर.ओ.का दाइहरु

फरक क्षमताभएका बालबालिकाको उपचारको लागि उनीहरुको घर दैलोमा घरभेटमा जानुहुन्छ । यसरी वहाँहरु घरभेटमा जाँदा फरक क्षमता भएका बालबालिकाको कार्यात्मक क्षमता बढाउन सहयोग गर्नुका साथै उनीहरूलाई यस बालसमूहमा सदस्य बन्न प्रोत्साहित समेत गर्नुहुन्छ । यसका अलावा यस श्रृजना बालसमूहमा सदस्य रहेका जो कोही सदस्यले पनि फरक क्षमता भएका बालबालिका चिनेजानेका वा देखेका भए उनीहरुमार्फत् पनि सदस्य बनाउन ल्याएका छौं । यस प्रकार हामीले फरक क्षमता भएका बालबालिकाको सदस्यतामा बृद्धि गर्दै लग्यौं ।

त्यसैले हामीले बालक्लबमा अन्य विभिन्न खालका चुनौतीहरुको सामना गर्दै जानुपर्‍यो । शुरू शुरूमा फरक क्षमता भएका बालबालिकाले आफ्नो कुरा स्पष्ट रुपमा राख्न नसक्नुका साथै अरु साथीहरुले भनेका कुराहरु पनि वहाँहरु बुझ्न सक्नु हुन्नथियो । यो समस्या समाधानको लागि सि.बि.आर.ओ.का दाइहरुसँगै बसी हामीले छलफल गर्‍यौं र वहाँहरूले हामीलाई फरक क्षमता भएका व्यक्तिहरुसँग कसरी व्यवहार गर्नुपर्छ भन्ने विषयमा एउटा विशेष तालिम पनि दिनुभयो । उक्त तालिममा हामीलाई निम्नअनुसार व्यवहार गर्नुपर्छ भन्ने कुरा सिकाइएको थियो :

- हामीले फरक क्षमता भएका व्यक्तिहरुसामु आफ्नो कुरा राख्दा सकेसम्म बिस्तारै राख्ने र वहाँहरुको कुरा ध्यानपूर्वक सुन्ने । यदि वहाँहरुको कुरा नबुझिएको खण्डमा दोहर्‍याई तेह्राई त्यही प्रश्न गर्ने ।
- यदि त्यो उपायले काम नगरेको खण्डमा वहाँहरुलाई कलम कापीको सहायताले आफ्ना कुराहरू लेख्न लगाउने ।
- यदि त्यो उपाए पनि असम्भव देखिएको खण्डमा वहाँहरुसँगै काम गर्नु हुने सिबिआरका दाइहरु वा वहाँको घरको कुनै एक जना सदस्यलाई अगाडि राखेर वहाँले कसरी सहज रुपमा कुराहरु बुझ्न र बुझाउन सक्छन् भने कुराको जानकारी लिने ।
- वहाँको बोल्ने सीपको विकासको लागि वहाँलाई हरेक पटक अगाडि बोल्न लगाउने र केही हलुका जिम्मेवारी पनि सुम्पिदै जाने ।

माथिका उपायहरु अनुसार हामीले वहाँहरुसँग व्यवहार गर्दा हामीलाई केही सजिलो अनुभव भयो । त्यसका साथै वहाँहरुको बोल्ने क्षमतामा पनि तीव्र विकास भएको छ ।

## श्रृजना बालक्लबको बालबालिकाम आएका परिवर्तनहरू

१. अपाङ्गता भएका व्यक्तिलाई फरक वा विशिष्ट क्षमता भएको व्यक्तिको रूपमा स्वीकार्दछन् ।

२. सदस्यहरू फरक कार्य क्षमता भएको व्यक्ति र व्यक्तिमा फरक व्यवहार गर्दैनन् । यदि समान सहभ र अवसर प्रदान गरेको खण्डमा विशिष्ट कार्य भएका व्यक्तिहरू पनि अन्य व्यक्तिहरू भन्दा क्षमत हुन सक्छन भने मान्यता राख्दछन् ।

३. सदस्यहरू आत्मविश्वासका साथ आफूमा भएको प्रस्तुत गर्न सक्ने भएका छन् ।

४. सदस्यहरू केही मात्रामा भए पनि आफ्नो व्य विकास गर्न सफल भएका छन् ।

५. नेतृत्व क्षमता क्रमिक रूपमा विकास हुँदैछ ।

६. सदस्याहरू बालअधिकारप्रति सचेत छन् र कर्तव्यप्रति जिम्मेवार हुन सकेका छन् ।

७. सदस्यहरूमा बाहिरी ज्ञानको मात्रामा बृद्धि हुनाले बोल्ने क्षमता पनि वृद्धि भएको छ ।

८. सदस्यहरूले संगठित भएर कार्य गर्नुको मह बुझेका छन् ।

९. परस्पर सहयोगको भावनामा तीब्रता आएको छ

१०. केही नयाँ कुरा सिकौं भन्ने भावनाको विकास छ ।

श्रृजना बालसमूह सदस्य भएका प्रत्येक बाल आफ्नो व्यक्तित्व विकास गर्ने थलोको रुपमा विकसि छ । यो बालसमूहमा प्रतिभा हुनेले प्रतिभा प्रस्फुटन गर्न छन् भने सीप नहुनेले सीप सिक्ने अवसर समेत पाइरहे समय समयमा सञ्चालन गरिने विभिन्न तालि बालबालिका सहभागी भैदिनाले उनीहरुमा केही सि भन्ने भावनामा बृद्धि भएको देखिन्छ । यही भावनाको अन्य संस्थाहरुबाट दिइने तालिमहरुमा पनि सद सहभागी गराइन्छ । यस प्रकार बालसमूहमा सिक्ने वातावरणको विकास भएको छ । बालबालिकाक विकासको लागि समय समयमा शैक्षिक भ्रमण जा विभिन्न प्रतियोगिताहरु पनि आयोजना गरिन्छ । य बाहिरका संस्थाहरुबाट आयोजित प्रतियोगिताह

सदस्यहरूलाई सहभागी हुन पठाइन्छ । बालसमूहमा एउटा पुस्तकालय पनि सञ्चालित छ । बालबालिकाको मनोरञ्जनको लागि खेलकूद सामग्रीहरु उपलब्ध छन् भने समय समयमा विभिन्न कार्टुन शोहरुको पनि आयोजना गरिन्छ । बालबालिका स्वस्थ्य हुनुपर्छ भने मान्यता अनुरूप यस बालसमूहले समय समयमा अन्य संस्थाहरुसँग मिलेर संयुक्त रुपमा "बाल स्वास्थ्य शिविर" को आयोजना गरेको छ ।

यस समूहले समुदायमा नमुना कार्यहरू गरेर आफ्नो छाप छोड्न सफल भएको छ । यसको उदाहरणको रुपमा ऐलिजा लामा हुन् । ऐलिजा लामा समूहका संस्थापक अध्यक्ष पनि हुन् । उनलाई एक राम्रो उद्घोषिकाको रूपमा लिन सकिन्छ । उनले दुई वर्षसम्म यस बाल समूहलाई नेतृत्व प्रदान गरिन् र आफ्नो नेतृत्व क्षमताको पनि विकास गरिन् । उनलले सन् २००२ को सेप्टेम्बरमा वीरेन्द्र अन्तराष्ट्रिय सम्मेलन केन्द्रमा आयोजित "राष्ट्रिय बालभेला" मा सफलतापूर्वक उद्घोषण गरेकी थिइन् । उक्त "राष्ट्रिय बाल भेला" कार्यक्रम बालक्लबहरूसँग कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम) र सेभ द चिल्ड्रेन एलायन्स्को संयुक्त आयोजनामा सम्पन्न भएको थियो । उक्त कार्यक्रमको सफलतापश्चात श्रृजना बालसमूहले पनि अन्य संस्थाहरु सामु चिनिने मौका पायो । उक्त कार्यक्रमको सफलतापूर्ण उद्घोषणले गर्दा ऐलिजा लामा सबैको प्रशंसाको पात्र बनेकी थिइन् । हाल उनी यस बालसमूहकी सल्लाहकारको रुपमा काम गर्दैछिन् । यसका अलावा उनी स्काउट, भक्तपुर जुनियर जेसिस जस्ता सामाजिक संस्थाहरूमा आबद्ध छिन् ।

म पनि आफैंमा फरक क्षमता भएको बालक हुँ । फरक क्षमता भएअर पनि मैले आफ्नो परिचय बनाइसकेको छु जस्तो लाग्छ । म समूहको संस्थापक उपाध्यक्ष पनि हुँ । म शुरू शुरूमा धेरै नै लजाउने तथा अरुको सामु आफ्नो कुरा राख्न डराउने गर्दथें । बालसमूहमा निरन्तर सम्पर्क बढेपछि विभिन्न गतिविधिहरूमा सहभागी हुँदै जाँदा ममा धेरै परिवर्तनहरु आइसकेका छन् । हाल म आफ्नो कुरा अरुको सामु निर्धक्क साथ राख्न सक्दछु । यसको उदाहरणको रुपमा असार ११ मा श्री ५ युवराजाधिराज पारस वीर विक्रम शाहदेव भुटानी महारानीबाट सि.बि.आर. भक्तपुरको भ्रमण गरिबक्सिँदा मैले भक्तपुरमा रहेका विभिन्न बालसमूहहरुका बारेमा मौसुफहरूमा जानकारी दिएको थिएँ । यसका अलावा म भक्तपुर जुनियर जेसिस, द रेयुकाई नेपाल जस्ता सामाजिक संस्थाहरुमा पनि आबद्ध भएर काम गरिरहेको छु ।

निष्कर्षमा के भन्न सकिन्छ भने हामी समानताको कुरा गर्छौं, साँच्चै हामीले त्यसको अर्थ बुझेका छौं त ? समानताको कुरा त हरेक क्षेत्रमा हुन्छ, हरेक कार्यमा हुन्छ । तर व्यवहारिक रुपमा भने त्यो त्यति देखिएको छैन । यस्तो प्रवृत्तिले समाजमा परिवर्तन ल्याउन सकिँदैन । साँच्चै नै समाजमा परिवर्तन ल्याउने हो भने नारा र भाषणमा भन्दा पनि व्यवहारिक रूपमा काम गरेर देखाउनुपर्छ । त्यसैले आजैदेखि समान व्यवहार गर्न सिकौं र अरुलाई पनि सिकाऔं । त्यसैको परिणामस्वरुप यस बालसमूहका विशिष्ट कार्यक्षमता भएका सदस्यहरु अन्य सदस्यहरुभन्दा कम देखिँदैनन् । यदि भोलि एउटा सभ्य र सम्मुन्नत समाजको परिकल्पना साकार पार्नुछ भने आजैदेखि बालबालिकाप्रति हुने गरेका भेदभाव अन्त्य गरौं । बालबालिका भविष्यका कर्णधार हुन भन्ने बुझी उनीहरुप्रति हुने गरेका दुर्व्यवहारलाई सद्व्यवहारमा परिणत गरौं । यो श्रृजना बालसमूहको आह्वान पनि हो । ❑

## व्यक्तित्व विकासको निम्ति बालक्लब

◆ विन्देश्वरी कुमारी महरा
*शिवशक्ति बालक्लब, कञ्चनपुर*

मेरो नाम विन्देश्वरी कुमारी महरा हो । म अहिले १६ वर्षमा प्रवेश गरेकी छु । मेरो जन्म बैतडी जिल्लाको बिकट पहडी क्षेत्र पाटनको एउटा निम्नवर्गीय किसान परिवारमा भएको हो । म सानै छँदा हाम्रो परिवार पहाडबाट तराईमा बसाईं सऱ्यो । म तराईको समुदायमा स्थापित हुनपुगें । त्यसपछि विभिन्न जातजाति र भाषाका साथीहरूसँग मेरो भेट हुन पुग्यो । यसै क्रममा म हाम्रो गाँउको श्री सिद्धबैचनाथ मा.वि. बन्शाहमा भर्ना हुन पुगें र त्यहाँ पढ्दै गएँ । जतिबेला म कक्षा ५ मा पढ्दथें । हाम्रो गाउँमा 'भुवनेश्वरी बालक्लब' को नाममा बालबालिकाको एउटा समूह गठन गरिएको थियो । शुरू शुरूमा हाम्रो समुदायका (भुवनेश्वरी बालक्लब) दाजुभाइ तथा दिदीबहिनीहरूलाई प्रत्येक शुक्रबारका दिन बालक्लबमा जाऊँ, त्यहाँ रमाइलो हुन्छ, नाच्न, गीत गाउन र खेल्न पाइन्छ भनेर भन्दथे । म पनि नाच्न, गीत गाउन र खेल्न पाउने आशाले मात्र त्यो क्लबमा जान्थे । जहाँ हामीलाई दाजु र दिदीहरूले नचाउने र सांस्कृतिक कार्यक्रममा सहभागी गराउनुहुन्थ्यो । जसले गर्दा

हामीलाई पनि हौसला जाग्दथ्यो । यसै क्रममा जब म कक्षा ७ मा पुगें त्यो बेला हाम्रो गाउँमा नै अरू बालबालिका मिलेर 'शिव शक्ति बालक्लब ' नामक अर्को बालक्लब खोलियो । त्यसपछि म नयाँ बालक्लबमा साधारण सदस्य भएँ ।

यसरी बालक्लब गठन गरिएको ३ महिनाभित्र नै हामीले बालअधिकार र नेतृत्व विकासको तालिम प्राप्त गर्‍यौं । हामीले बालअधिकारबारे जानकारी प्राप्त गरेपछि बालक्लबलाई निरन्तरता दिँदै गयौं । म बालक्लबमा सक्रिय भइरहें जसले गर्दा मैले बालक्लबको कार्यसमितिको सदस्य हुने अवसर पाएँ । अहिले म यस श्री शिवशक्ति बालक्लब, बन्शाहको अध्यक्ष छु । यही नाताले मैले विभिन्न तालिम, गोष्ठी र कार्यक्रममा भाग लिने अवसर प्राप्त गरें । जसले गर्दा आज म निर्धक्कसँग बोल्न र मनमा लागेका कुराहरू अरूसँग राख्न सक्ने भएकी छु । हामीहरू बालक्लबमा आउँदा शुरू शुरूमा केटा-केटी र जातजाति बीच पनि विभिन्न किसिमका भेदभावहरू गरिन्थ्यो । अहिले आएर हामीहरूले गाउँ समाजमा रहेका कुरीतिलाई हटाउन जनचेतना कार्यक्रमहरू गर्दै आइरहेका छौं । जसले जर्दा आज हाम्रो बालक्लबमा सदस्यहरूबीच कुनै किसिमका भेदभाव गरिँदैन । बालक्लबमा मेरो निरन्तरता र लगनशीलताले गर्दा आज म एउटा कुशल बालिका बनेको छु जस्तो लाग्छ । म यसमा एकदमै गौरवान्वित छु । अहिले कञ्चनपुर जिल्लामा NNSWA द्वारा गठन गरिएकको १०० भन्दाबढी बालक्लबहरूबाट बालिकाहरूको प्रतिनिधित्व गरेर जिल्ला बालकल्याण समिति कञ्चनपुरकी सदस्य र मध्यपश्चिम तथा सुदूरपश्चिमाञ्चलमा हालै गठन गरिएको क्षेत्रीय बालमञ्चको सदस्यमा निर्वाचित भएकी छु । म यसबाट झनै गौरवान्वित भएकी छु । यी ठाउँहरूमा आफ्नो र बालबालिकाको आवाज राखेर बालबालिकाको हितमा काम गर्न र उनीहरूको हितमा निर्णयहरू गराउन लगाउन सक्नेछु भनेर मैले पूर्णविश्वास गरेकी छु । साथै मलाई यहाँसम्म ल्याइपुर्‍याउन बालक्लबले सहयोग गरेको हो भन्ने कुरा बालअधिकार प्राप्त गर्न सचेत रूपमा जुटिरहनुभएका बालबालिकालाई अवगत गराउन चाहन्छु ।

बालबालिकालाई बालक्लबहरूमा लागेर आफ्नो बालप्रतिभा र क्षमताको विकास गर्दै गयो भने भविष्यमा देश सञ्चालन र विकास कार्यमा नैतिक जिम्मेवारी बहन गर्न सकिनेछ र हामी देशलाई विकास र शान्तिको बाटोमा अगाडि बढाउन सक्षम हुनेछौं भन्ने कुरामा म ढुक्क छु । ❑

*यो लेख उपलब्ध गराउनुहुने श्री अन्तराम वडलाई विशेष धन्यवाद ।*

# RefugeeYoutl
# Children Forun
# taking an active ro

*Chanakya Adh*

A marriage planned on 24 April 2003 be Yadulal Dhal aged 40 and Harimaya Nepal, ag was prevented due to the timely intervention Sanischare Children's Forum. This was not a task for the members because they were lock by the bridegroom and were asked to comp for the expenses he incurred in preparing f function but the matter was eventually s amicably.

In another case, an illegal under-age ma in Timai camp between 15-year girl, Amrita G and a much older man Gopal Rasaily. These actions to challenge social evils illustra increasing role refugee youth organisations ( as Children's Forum) are taking to challenge the of child rights in the Bhutanese refugee cam

The Children Forums are leading eff reduce drug abuse amongst youth in the camps facilitators have been providing counseling se to children drug users. As reported i Khudunabari Wall Newspaper of 13 Decem children were able to end their addiction t sniffing with the help of counseling services child facilitator.

Many cases of violence against childre been brought to light by the Children Forum in each of the seven refugee camps. The me of the children forum are active in portray evils of the society through drama skits an play. Ganga Regmi is one. Through a dra dared to portray the inhuman role that her played in the real life, sexually exploiting students but was then beaten up by the teac

Drama are also used discourage smoking, d marriage and discrimination against girls. A e drama called *'Rahar Bhitra ko Aansu'* (Dreams h tears) is a popular one in Beldangi Camp where rls and 13 boys took part. The Children Forums also very active in organizing awareness-raising npaigns. On HIV/AIDS day 1st December, they anized a rally to promote wider awareness of tection and safe sex messages.

LWF Nepal With assistance from UNHCR, LWF Nepal helps the Children Forums to organize community development and awareness raising activities on issues related to child rights, HIV/AIDS, domestic violence, child abuse and gender discrimination. This involves regular training programs, workshops and competitions in the camps. LWF Nepal is proud to see that the children are playing a much bigger role in brining about harmony in the lives of the Bhutanese Refugees. ❑

*(Source : Annual Report 2003, LWF)*

## बालक्लबमा लागेपछि ममा आएको परिवर्तन

**◆ प्रेम बहादुर बाकबल**

*बालउत्थान समूह, सहल्कोट, पाल्पा*

पहिलेको मेरो स्वभाव कम बोल्ने, लजाउने, ीहरूसँग रहँदा बस्दा पनि उदास हुने, मलाई के छि:छि: दूरदूर गरिरहेका होलान् भन्ने लागिरहने थियो । बालक्लबमा आबद्ध भएदेखि म साथीहरूसँग रमाइलोमा हिँड्ने, ीक्रमहरूमा सहभागी हुने तथा तालिम ीहरूमा भाग लिने गरें । त्यसपछि यी सब हरू हटेर गयो । अहिले म आफ्नो मनमा को कुरा निर्धक्कसाथ व्यक्त गर्न सक्छु । म कोहीभन्दा कम छैन जस्तो लाग्छ । सामाजिक मा निरन्तरता दिने मेरो दृढ इच्छा छ । मैले हेक हितको लागि व्यक्तिगत स्वार्थ छोड्नुपर्दछ सिकेको छु । आज मेरो हृदयमा निस्वार्थ ाको विकास भएको छ । जे होस् अहिले म अवस्थामा आइपुगें, त्यसको श्रेय कोपिला लबलाई जान्छ । किनकि मलाई यहाँसम्म न सहयोग पुऱ्याउने पहिलो साथी नै कोपिला अझै पनि समाजमा यस्ता क्लबमा लागि नको सेवामा संलग्न रहियो भने अब यो भयो भनेर समाजमा भन्छन् र आफ्ना ारीहरूलाई क्लबमा हिँड्न दिंदैनन् । तर के पाएँ भने क्लबमा लागेपछि असक्षम व्यक्ति सक्षम बन्ने रहेछ । त्यसैले अन्त्यमा यही – कुनै पनि बालबालिकालाई क्लबमा सामेल ट रोक्नु हुँदैन । ❑

**◆ सुमा मोक्तान**

*अध्यक्ष, जुनतारा बालक्लब, जम्दहा ९ सिराहा*

- म पहिलो चोटी क्लबमा बस्दा परिचय दिनेबेला अलि लाज मान्थे । तर अहिले म सबैको सामु परिचय दिन र बोल्न सक्ने भएकी छु ।
- मलाई बालक्लब भनेको के हो भन्ने कुरा थाहा थिएन । बालक्लबमा बसेपछि सबैकुरा थाहा भयो ।
- बालअधिकारसम्बन्धी सबै कुरा जाने ।
- बालक्लबमा बस्दा र नबस्दा धेरै फरक हुँदोरहेछ भन्ने कुराको अनुभव भयो ।
- बालक्लबमा बसेपछि मेरो व्यवहारमा धेरै नभए पनि अलि अलि परिवर्तन आएको अनुभव भयो ।
- बालक्लबमा बस्दा धेरै तालिम लिई धेरै कुराको अनुभव भएको छ । जीवनोपयोगी सीपको तालिम लिएर त भनै परिवर्तन भएको छ ।
- अनुभवका साथै धेरै बालबालिकालाई सेवा गर्ने मौका पाएँ ।
- आफूमा भएको नकारात्मक कुरालाई केलाएर सकारात्मक कुराको खोज गर्ने कुरा सिकें ।
- आफूमा मात्र होइन, पछिका बालबालिकाको व्यवहारमा परिवर्तन वा सकारात्मक कुरा सोच्ने बानी र अरूहरूलाई सहयोग गर्ने बानी आफ्नो मनमा राख्ने मेरो उद्देश्य रहेको छ ।
- बालक्लबमा आएपछि वक्तृवकलामा भाग लिने गर्दछु ।
- तालिम भएको ठाउँमा अलि बढी जान मन परेको कारण अवसर पाए म तालिमहरूमा सहभागी हुन्छु । ❑

# बालसहभागिता बालबालिकाको अधिकार

◆ मधुमाया अर्याल
ज्ञानोदय बालक्लब, बाकामलाङ्ग, पाल्पा

बालबालिका समाजका वास्तविक र आधारभूत सम्पत्ति हुन् । आजका बालबालिका नै भविष्यमा समाज र राष्ट्रका लागि सक्षम र जिम्मेवार नागरिक हुने भएकोले बालबालिकालाई सही दिशातिर लानको लागि अभिभावकको बढी लगानी हुनुपर्दछ । यसको लागि बालबालिकालाई अवसर दिनुपर्दछ । बालबालिकाले आफ्नो बिचार, चाहना, आकांक्षा एवं समस्याहरूलाई सार्वजनिक रूपमा अभिव्यक्त गरी जानकारी गराउने माध्यमको अझै पनि अभावै छ ।

बालसहभागिता बालबालिकाको निम्ति एउटा सशक्त माध्यम हो । यसले बालबालिकाको हकअधिकार प्राप्त गर्न तथा बालसंरक्षणको विषयलाई बढाउन र समुदायमा देखिएको सामाजिक भेदभावविरूद्ध काम गर्नमा समेत यसले प्रभाव पार्दछ । बालबालिकाको लागि भनेर सञ्चालन गरिएको कार्यक्रमहरूमा बालबालिकाको सहभागिता अनिवार्य गराइनु पर्दछ । बालबालिका हाम्रा शान्ति क्षेत्र हुन् । कुनै पनि राजनैतिक परिपाटीहरूले विद्यालय, अथवा सार्वजनिक स्थान जहाँ बालबालिका बस्दछन् त्यहाँ डर, त्रास, सिर्जना गर्नु राम्रो हुँदैन । समाजमा बालबालिकाको विचारलाई स्थापित गरी स्वतन्त्र रूपमा अभिव्यक्त गर्ने वातावरणको सृजना गरिरहनुपर्दछ ।

मुलुकको सिङ्गो जनसंख्याको झण्डै आधाभन्दा भाग बढी जनसंख्या ओगटेको बालबालिका सार्वजनिक अभिव्यक्तिबाट बञ्चित हुनुपर्ने विद्यमान अवस्था छ । बालबालिकासँग सम्बन्धित गतिविधिहरूलाई समाचारका कुनै पनि माध्यमले कम महत्त्व दिएको पाइन्छ । अर्कातिर बालबालिकाको नाममा ठूलाठूला पत्रपत्रिकाहरू प्रकाशित हुने भएता पनि त्यस्ता पत्रपत्रिका बालबालिकाको सहभागिता भने ज्यादै कम हुने गरेको पाइन्छ । यसै समस्यालाई मध्यनजर गरेर यस बाकामलाङ्ग गा.वि.स.मा पछौटेपन उन्मूलन समाज (बेस) ले बालभित्ते पत्रिका प्रकाशनसम्बन्धी तालिम दियो । यस तालिमले बालभित्ते पत्रिका प्रकाशनमा ठूलो सहयोग पुर्‍याएको छ ।

तालिम लिन अगावै हाम्रो ज्ञानोदय बालक्लब र जनजागरण बालक्लबको प्रयासमा बालभित्ते पत्रिका प्रकाशन गरेका थियौं । पत्रिकाको नाम प्रभात बालभित्तेपत्रिका [...]
त्यसबेला समाचार कसरी तयार गर्ने, समाचार कहाँ राख्ने [...]
कुरा हामीलाई थाहा थिएन । बेसद्वारा आयोजना गरेको [...]
सम्बन्धी तालिम तानसेन पाल्पाबाट प्रकाशित नव जनचेत[...]
प्रबन्ध निर्देशक सतिश चापागाईले राम्रोसँग हामीलाई बु[...]
सिकाएपछि हामीले पछि राम्रोसँग पत्रिका निकालेका छौं [...]
तालिमले हामीलाई धेरै कुरा सिक्न मद्दत गरेको छ ।

बेस पाल्पाले बालबालिकालाई धेरै सहयोग गर्दै [...]
छ । बालपत्रकारहरूले विद्यालय, गाउँघर, समाज, बा[...]
सार्वजनिकस्थल जस्ता ठाउँमा बालभित्ते पत्रिका टाँसी स[...]
भएका गरेका कामहरूलाई सार्वजनिक गरी सबैलाई स[...]
हुने अवसर उपलब्ध गराएको छ । ज्ञानोदय बालक्लब बाका[...]
७ भोटाहामा बालक्लबको सक्रियताले भाइबहिनी कक्षा स[...]
गर्दै आएको छ । ❑

# नवसृजना बालक्लब: एक चिनारी

◆ रोशन आचार्य
गोलढुङ्गा, काठमाण्डौ

नव सृजना बा[...]
बालबालिकाबाट [...]
समुदायमा सञ्चालन [...]
क्लब हो । यो गोलढुङ्गा [...]
वार्ड नं. ४ मा रहेको [...]
क्लब मिति २०६० फ[...]
स्थापना भएको हो । [...]
सञ्चालनका लागि स[...]
दाजु तथा दिदीलाई बालक्लब सल्लाहकारको रुपमा [...]
छ । हाल यस क्लबमा अठार जना बालक र पाँच जना [...]
रहेका छन् । बालबालिकाको शारीरिक मानसिक तथ[...]
विकास कार्यक्रम तथा अतिरिक्त क्रियाकलापमा बालस[...]
बढाउने उद्देश्यले स्थापना गरिएको हो । समूह सञ्[...]
लागि एक जना बालक्लब संयोजक, एकजना सह[...]
तथा हिसाब किताव मिलाएर राख्नको लागि एक जना [...]
छनौट गरिएको छ । स्थापनाकालदेखि हालसम्म हा[...]
प्रतियोगिता, सार्वजनिक धाराको सरसफाई, पत्राकारि[...]
सञ्चालन गरिसकेको छ । हामीले समुदायमा बालक्लब[...]
विषयक छलफल कार्यक्रम गरेका थियौं । बालबालिका [...]
तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूलाई निम[...]
अर्न्तकृया कार्यक्रम सञ्चालन गरिएबाट समुदायमा य[...]
महत्त्व अझ बढेको छ । अभिभावक तथा विभिन्न सं[...]
प्रतिनिधिहरूबाट बालक्लबमा अझ बढी चासो राख्न[...]

निकै छोटो समयमा समुदायमा आफ्नो ख्याति राख्न सफल क्लबका सदस्यहरू आफ्नो क्लब निरन्तर सञ्चालन गर्न बद्ध छन्। त्यसैले क्लब सञ्चालनका लागि आफू आफूमा छल गरी केही नियम समेत बनाएका छन् जस्तै :

प्रत्येक हप्ताको २ पटक (शुक्रबार वेलुकी ४:३० बजे र शनिवार ११:३० बजे) उपस्थित हुने।

क्लबको कार्यक्रम शुक्रबार छलफल गरी शनिवार ११:३० बजेदेखि सञ्चालन गर्ने।

क्लबमा ८-१६ वर्ष सम्मका बालबालिका सदस्य बन्न पाउने।

क्लबमा उपस्थित हुन नसक्ने भएमा कार्यक्रम अगावै जानकारी गराउने।

५) प्रत्येक महिना रु ५।- उठाउने।

यसरी बालबालिकाले समुदायमा सञ्चालन गरेको बालक्लब सदस्यहरू रेडियोबाट प्रसारण हुने बाल कार्यक्रम सुन्छन, आफ्ना लेख रचना पठाउँछन र टेलिफोनबाट कुराकानी गर्छन्। कतिपयले त बाल कार्यक्रममा सोधिएको प्रश्नको सही उत्तर दिई विभिन्न पुरस्कार समेत हात पारिसकेका छन्। जसबाट उनीहरू निकै खुशी छन्। आफ्नो शारीरिक, मानसिक तथा बौद्धिक विकासका लागि भविष्यमा आफ्नो अध्ययनलाई बाधा नपुग्ने गरी हाजिरजवाफ प्रतियोगिता, हिज्जे प्रतियोगिता, सडक नाटक, बालपुस्तकालय सञ्चालन तथा रेडियोबाट प्रसारण हुने बालकार्यक्रमको रेडियो श्रोता सर्वेक्षण गर्नका लागि निकै नै उत्साहित भएका छन्। ❑

## उमेश पारिवारिक पुनर्स्थापनामा जोड दिन्छन्

उमेश विश्वकर्मा १४ वर्षका बालक हुन्। उमेश "डाक्टर र गरीब, असहायहरूको निःशुल्क औषधि उपचार गरेर योग गर्छु" भन्छन्। उनी आफ्नो लक्ष्यलाई पुरा गर्न पढाइलाई न्तरताका साथ कडा मिहिनेत गरेर पढिरहेका छन्।

उमेश विश्वकर्मा हाल उप्का नेपालको सहयोगमा धरान २ स्थित श्री पब्लिक हाइस्कूलमा कक्षा ५ मा अध्ययनरत्। कक्षा ४ मा उनी तेश्रो स्थानमा आउन सफल भएका। उनले यहाँसम्म आइपुग्न धेरै समस्या, कठिनाईहरू भोग्नु को थियो। "सडकको जीवन सम्झँदा अझै पनि नराम्रो छ" उमेश भन्दछन्। बुबा हर्कबहादुर विश्वकर्मा र आमा माया विश्वकर्माका तीन छोराहरू मध्ये उमेश जेठो छोरा। उनी अढाई वर्षको हुँदा बुबा सिक्किमतिर लाग्नु भएको आमाले अर्को बिहे गरेकोले उमेश आफन्तसँग बसेका थिए। आफन्तबाट पनि राम्रो व्यवहार नपाएका कारणले गर्दा श सडकमा आउन बाध्य भए। सडकमा आएपछि प्लाष्टिक ने, माल खोज्ने र कबाडमा सामान बेचेर खाने गर्थे भने कमा नै सुत्थे। सडकमा बसदाको दुःख, पीडाहरू उमेशका ाई हुन्। माल खोज्न जाँदा चोर, खाते भनेर कतिले ने, खेदाउने गर्थे भने अर्कोतिर ठूला फटाहा केटाहरूले बेचेको पैसा खोसिदिने र कुटपिट गर्ने जस्ता घटनाहरूको कना अझै पनि ताजै रहेको उमेश बताउँछन्।

यसरी सडकमा नै बस्दा उनको साथीहरू राजेश, न्द्र र ज्ञानेले उप्का सम्पर्क केन्द्रमा खान, बस्न र पढ्न छ हिंड् जाउँ भनेकोले उमेश उप्का धरान बालसम्पर्क केन्द्रमा आएको बताउँछन्। उनले कक्षा-४ सम्मको अध्ययन पुरा गरिसके तापनि पारिवारिक कारणले आफ्नो पढाइलाई अघि लैजान सकेका थिएनन् तर बालसम्पर्क केन्द्रमा आएपछि पुनः आफ्नो पढाइलाई निरन्तरता दिन थाले। यसरी सडकमा आएको १ वर्षभित्रनै उमेशले आफूलाई धेरै परिवर्तन गरे।

केन्द्रमा बस्दा नै दाजुभाइ समूहको अध्यक्षको रूपमा बालबालिकाका लागि काम गर्न थाले। यस समूहमा आबद्ध भएपछि राम्रो-राम्रो कुराहरू सिक्ने अवसर पाएको, विभिन्न कार्यक्रम, क्रियाकलापहरूमा सहभागी हुन पाएको र कुनै किसिमको हिच्किचाहटपन नभएको बताउँछन्। पहिला उमेश विद्यालयमा नबुझेको कुराहरू सोध्न डर मान्ने गर्थे भने अहिले "उ कुनै काममा पनि पछि पर्न मन लाग्दैन" भन्दछन्। यसै समूहमा रहेर नै उमेशले बालभित्ते पत्रिका तालिम, नेतृत्व विकास तालिम, सडकनाटक तालिम र अन्य जीवनोपयोगी सीप, तालिम लिइसकेका छन्।

हाल उमेशलाई सम्पर्क केन्द्रबाट धरान- ८, सुनाम टोल आफन्तको घरमा पुनर्स्थापन गरिएको छ। र उनी आफन्त दिदीसँग बसेर विद्यालय पढिरहेका छन्। उमेशले "सडकमा भएको बालकहरूलाई घरमा पुनर्स्थापन गरी उनीहरूको पढाइलाई निरन्तरता दिनको लागि उप्का नेपालबाट सहयोग गरिनुपर्दछ" भन्ने धारण व्यक्त गर्दछन्।

◆ **मैया राई**
*उप्का, नेपाल, धरान*

निकै छोटो समयमा समुदायमा आफ्नो ख्याति राख्न सफल क्लबका सदस्यहरू आफ्नो क्लब निरन्तर सञ्चालन गर्न बद्ध छन्। त्यसैले क्लब सञ्चालनका लागि आफू आफूमा छल गरी केही नियम समेत बनाएका छन् जस्तै :

प्रत्येक हप्ताको २ पटक (शुक्रबार वेलुकी ४:३० बजे र शनिवार ११:३० बजे) उपस्थित हुने ।

क्लबको कार्यक्रम शुक्रबार छलफल गरी शनिवार ११:३० बजेदेखि सञ्चालन गर्ने ।

क्लबमा ८-१६ वर्ष सम्मका बालबालिका सदस्य बन्न पाउने ।

क्लबमा उपस्थित हुन नसक्ने भएमा कार्यक्रम अगावै जानकारी गराउने ।

५) प्रत्येक महिना रु ५।- उठाउने ।

यसरी बालबालिकाले समुदायमा सञ्चालन गरेको बालक्लब सदस्यहरू रेडियोबाट प्रसारण हुने बाल कार्यक्रम सुन्छन, आफ्ना लेख रचना पठाउँछन र टेलिफोनबाट कुराकानी गर्छन्। कतिपयले त बाल कार्यक्रममा सोधिएको प्रश्नको सही उत्तर दिई विभिन्न पुरस्कार समेत हात पारिसकेका छन्। जसबाट उनीहरू निकै खुशी छन्। आफ्नो शारीरिक, मानसिक तथा बौद्धिक विकासका लागि भविष्यमा आफ्नो अध्ययनलाई बाधा नपुग्ने गरी हाजिरजवाफ प्रतियोगिता, हिज्जे प्रतियोगिता, सडक नाटक, बालपुस्तकालय सञ्चालन तथा रेडियोबाट प्रसारण हुने बालकार्यक्रमको रेडियो श्रोता सर्वेक्षण गर्नका लागि निकै नै उत्साहित भएका छन्। ❑

## उमेश पारिवारिक पुनर्स्थापनामा जोड दिन्छन्

उमेश विश्वकर्मा १४ वर्षका बालक हुन्। उमेश "डाक्टर र गरीब, असहायहरूको निःशुल्क औषधि उपचार गरेर योग गर्छु" भन्छन्। उनी आफ्नो लक्ष्यलाई पुरा गर्न पढाइलाई न्तरताका साथ कडा मिहिनेत गरेर पढिरहेका छन्।

उमेश विश्वकर्मा हाल उप्का नेपालको सहयोगमा धरान २ स्थित श्री पब्लिक हाइस्कूलमा कक्षा ५ मा अध्ययनरत्। कक्षा ४ मा उनी तेश्रो स्थानमा आउन सफल भएका। उनले यहाँसम्म आइपुग्न धेरै समस्या, कठिनाईहरू भोग्नु को थियो। "सडकको जीवन सम्भँदा अझै पनि नराम्रो छ" उमेश भन्दछन्। बुबा हर्कबहादुर विश्वकर्मा र आमा माया विश्वकर्माका तीन छोराहरू मध्ये उमेश जेठो छोरा। उनी अढाई वर्षको हुँदा बुबा सिक्किमतिर लाग्नु भएको आमाले अर्को बिहे गरेकोले उमेश आफन्तसँग बसेका थिए। आफन्तबाट पनि राम्रो व्यवहार नपाएका कारणले गर्दा श सडकमा आउन बाध्य भए। सडकमा आएपछि प्लाष्टिक , माल खोज्ने र कबाडमा सामान बेचेर खाने गर्थे भने कमा नै सुत्थे। सडकमा बसदाको दुःख, पीडाहरू उमेशका ाई हुन्। माल खोज्न जाँदा चोर, खाते भनेर कतिले ने, खेदाउने गर्थे भने अर्कोतिर ठूला फटाहा केटाहरूले बेचेको पैसा खोसिदिने र कुटपिट गर्ने जस्ता घटनाहरूको कना अझै पनि ताजै रहेको उमेश बताउँछन्।

यसरी सडकमा नै बस्दा उनको साथीहरू राजेश, न्द्र र ज्ञानेले उप्का सम्पर्क केन्द्रमा खान, बस्न र पढ्न छ हिंड् जाउँ भनेकोले उमेश उप्का धरान बालसम्पर्क केन्द्रमा आएको बताउँछन्। उनले कक्षा-४ सम्मको अध्ययन पुरा गरिसके तापनि पारिवारिक कारणले आफ्नो पढाइलाई अघि लैजान सकेका थिएनन् तर बालसम्पर्क केन्द्रमा आएपछि पुनः आफ्नो पढाइलाई निरन्तरता दिन थाले। यसरी सडकमा आएको १ वर्षभित्रनै उमेशले आफूलाई धेरै परिवर्तन गरे।

केन्द्रमा बस्दा नै दाजुभाइ समूहको अध्यक्षको रूपमा बालबालिकाका लागि काम गर्न थाले। यस समूहमा आबद्ध भएपछि राम्रो-राम्रो कुराहरू सिक्ने अवसर पाएको, विभिन्न कार्यक्रम, क्रियाकलापहरूमा सहभागी हुन पाएको र कुनै किसिमको हिच्किचाहटपन नभएको बताउँछन्। पहिला उमेश विद्यालयमा नबुझेको कुराहरू सोध्न डर मान्ने गर्थे भने अहिले "उ कुनै काममा पनि पछि पर्न मन लाग्दैन" भन्दछन्। यसै समूहमा रहेर नै उमेशले बालभित्ते पत्रिका तालिम, नेतृत्व विकास तालिम, सडकनाटक तालिम र अन्य जीवनोपयोगी सीप, तालिम लिइसकेका छन्।

हाल उमेशलाई सम्पर्क केन्द्रबाट धरान- ८, सुनाम टोल आफन्तको घरमा पुनर्स्थापन गरिएको छ। र उनी आफन्त दिदीसँग बसेर विद्यालय पढिरहेका छन्। उमेशले "सडकमा भएको बालकहरूलाई घरमा पुनर्स्थापन गरी उनीहरूको पढाइलाई निरन्तरता दिनको लागि उप्का नेपालबाट सहयोग गरिनुपर्दछ" भन्ने धारण व्यक्त गर्दछन्।

◆ **मैया राई**
*उप्का, नेपाल, धरान*